# लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/४/१४ गते

यस महालक्ष्मी विकास बैंक लि. को तपसिलमा उल्लेखित शाखाबाट तपाईं ऋणीहरुले आफ्नो व्यवसायिक/व्यक्तिगत कार्यको लागि प्राप्त गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न मिति २०७९/९/१४ गतेको अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरि ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई जानकारी गराउँदा समेत कर्जाको साँवा, ब्याज तथा अन्य दस्तुर चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल, अचल सम्पत्ति, जग्गाहरु तथा सो जग्गामा बनेको घर टहरा पर्खाल आदि र सो समेतले चर्चेको सम्पूर्ण लिगलगापात समेत जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि १५ दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान समेत गरिएको छ । सो अवधिमा ईच्छुक महानुभावहरुले गोप्य शिलवन्दी बोलपत्रद्धारा आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम वोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ । सूचना बमोजिम कसैको पनि बोलपत्र पर्न नआएमा धितो सुरक्षण रहेका सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं बैंकको कर्जा असुली तथा धितो गैह्र बैंकिङ्ग सम्पत्ति बिक्री कार्यविधि २०६६ समेत बमोजिम पुन: लिलाम बिक्री गर्न वा बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

## तपसिल

### दमक शाखा :

**१. ऋणी : श्री हरि किराना पसल** (प्रो. हरि बहादुर श्रेष्ठ)
प्रा.फ.र.नं. ६४८/१२७१७ (घरेलु तथा साना उद्योग कार्यालय, झापा)
दर्ता मिति : २०७६/१०/६
पान नं. ६०९१९३९१४
ठेगाना : दमक न.पा. वडा नं. ४, झापा

**व्यक्तिगत जमानीकर्ताहरु :**
(क) श्री हरि बहादुर श्रेष्ठ, बाबु : श्री जय बहादुर श्रेष्ठ, बाजे : श्री नरबहादुर श्रेष्ठ
(ख) श्री टिका श्रेष्ठ, बाबु : श्री बम बहादुर श्रेष्ठ, ससुरा : श्री जय बहादुर श्रेष्ठ, पति : श्री हरि बहादुर श्रेष्ठ
ठेगाना : दमक न.पा. वडा नं. ९, झापा
कर्जा : महालक्ष्मी उद्यमशिल कर्जा (ओ.डि)

**धितो सुरक्षणको विवरण :** श्री नरबहादुर श्रेष्ठको नाति, श्री जय बहादुर श्रेष्ठको छोरा झापा जिल्ला दमक नगरपालिका वडा नं. ९ बस्ने श्री हरि बहादुर श्रेष्ठको नाममा मालपोत कार्यालय दमकमा दर्ता रहेको झापा जिल्ला, दमक नगरपालिका वडा नं. ५ (नक्सा सि. नं. ५) स्थित कि.नं. ६२६६ को क्षे.फ. ०-१-०-० (वि.क.धु) को जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलिगापात समेत ।

**२. ऋणी : श्री हरि बहादुर श्रेष्ठ** (ना.प्र.नं २३११४१६७९ जारी स्थान/मिति झापा २०५२/१०/२९)
बाबु : श्री जय बहादुर श्रेष्ठ, बाजे : श्री नरबहादुर श्रेष्ठ
ठेगाना : दमक न.पा. वडा नं. ९, झापा

**व्यक्तिगत जमानीकर्ताहरु :**
(क) श्री हरि बहादुर श्रेष्ठ, बाबु : श्री जय बहादुर श्रेष्ठ, बाजे : श्री नरबहादुर श्रेष्ठ
(ख) श्री टिका श्रेष्ठ, बाबु : श्री बम बहादुर श्रेष्ठ, ससुरा : श्री जय बहादुर श्रेष्ठ, पति : श्री हरि बहादुर श्रेष्ठ
(ग) श्री राजेन्द्र श्रेष्ठ, बाबु : श्री जय बहादुर श्रेष्ठ, बाजे : श्री नरबहादुर श्रेष्ठ
ठेगाना : दमक न.पा. वडा नं. ९, झापा
कर्जा : महालक्ष्मी होम लोन

**धितो सुरक्षणको विवरण :** श्री नरबहादुर श्रेष्ठको नाति, श्री जय बहादुर श्रेष्ठको छोरा झापा जिल्ला दमक नगरपालिका वडा नं. ९ बस्ने श्री हरि बहादुर श्रेष्ठको नाममा मालपोत कार्यालय दमकमा दर्ता रहेको झापा जिल्ला, दमक नगरपालिका वडा नं. ५ (नक्सा सि.नं. ५) स्थित कि.नं. १४७३१ को क्षे.फ. ०-१-०-० (वि.क.धु) को जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलिगापात समेत ।

**शर्तहरु :**

१. बोलपत्र सम्बन्धि शर्त बन्देज सहितको बोलपत्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट तोकेको शुल्क तिरी प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र साथ आफुले बोलकवोल गरेको अंकको १० प्रतिशत नगद/ बैंक ग्यारेण्टी/गुड फर पेमेण्ट चेक बैंकको खातामा धरौटी स्वरुप जम्मा गर्नु पर्नेछ ।
३. बोलपत्र स्विकृत भएपछि बैंकले तोकिदिएको समय भित्र बोलकबोल गरेको बाँकी सम्पूर्ण रकम बुझाउनु पर्नेछ । अन्यथा धरौटी जफत हुनेछ ।
४. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने राजस्व लगायत सम्पूर्ण खर्च बोलकबोलदाताले नै व्योहर्नु पर्नेछ ।
५. बोलपत्र बुझाउने तथा खोल्ने दिन कारणबस सार्वजनिक विदा पर्न गएमा त्यस पछिको कार्यालय खुलेको दिनमा उपरोक्त कार्य हुनेछन् ।
६. यस विषयसँग अन्य जानकारी लिनु पर्ने भएमा यस बैंकको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।
७. कुनै कारण देखाई वा नदेखाई बोलपत्र स्विकृत/अस्विकृत वा आशिंक स्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
८. शर्त सहितको बोलपत्र स्वीकार गरिने छैन ।
९. धरौटी स्वरुप जम्मा गरेको रकममा कुनै ब्याज प्रदान गरिने छैन र बोलपत्रको अन्तिम निर्णय भए पश्चात फिर्ता हुनेछ ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८०/४/२८ गते आइतबार (कार्यालय समय भित्र)
खोलिने मिति : २०८०/४/२९ गते सोमबार दिनको २:०० बजे
स्थान : महालक्ष्मी विकास बैंक लि.को सम्बन्धित शाखा कार्यालयमा

**महालक्ष्मी विकास बैंक लि.**
**Mahalaxmi Bikas Bank Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

**केन्द्रीय कार्यालय** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८१५३, ५३६८७१९

**कर्जा असूली विभाग** थापाथली, काठमाण्डौं
फोन नं. ०१-५९१९२१९/५९११५१९/२०

सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

size: 3x25